नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.दु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ५९ २०७८ साल असोज ८ गते शुक्रबार (24 Sep. 2021 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : सिरहाका स्थानीय तहमा ... २ पृष्ठमा : कोभिड खोपको विश्वव्यापी ... ३ पृष्ठमा :२० अर्ब ७६ करोडको ...

# सरकारी निर्णय कार्यान्वयन भएन् नाकाहरु अझै संचालनमा आएन



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
डेढ वर्षदेखी बन्द रहेका भारतीय सीमा सँग जोडिएका नाकाहरु सरकारले खुल्ला गर्ने गरेको निर्णय कार्यान्वयन भएन् ।

२०७६ साल चैतको पहिलो साता कोरोना संक्रमण बढेपछि नेपाल सरकारले भारतीय सीमासँग जोडिएका सबै नाकाहरु बन्द गर्ने गरेको निर्णय जोखिम घट्दै गएपछि मंगलबार खुल्ला गर्ने निर्णय गरेको थियो ।

मन्त्री परिषदको गत मंगलवार वसेको बैठकले सबै सीमानाका खुल्ला गर्ने निर्णय गरे पनि विहीवार तिन दिन वितिसक्दा भारतसंग जोडिएको सप्तरीका सिमानाकाहरु अझै खुल्न सकेको छैन् ।

सरकारले सीमानाकाबाट यस अघि पैदल आवतजावत तथा खाद्यान्न आयतका लागी खुल्ला गरेपनि सवारी आवागमन रोकेको थियो । पछिल्लो पटक सवारी आवागमन पनि खोल्ने निर्णय सरकारले गरेको छ ।

यता तीनदिन अघि नाका खुल्यो भनेर संचार माध्यमबाट खबर पाएपछि काम विषेशले भारतमा रहेका मध्येका गाडी चढी फर्किने दर्जनौ ब्यक्ती सिमा क्षेत्रमा अलपत्र परेका छन । नाकामा रहेका सुरक्षाकर्मीले नाका नखुलेको भन्दै गाडी आवागमन गर्न रोक लगाउदा आफुहरु समस्यामा परेको पीडित सर्वसाधारणको गुनासो छ ।

नाका बन्द हुदा सर्वाधिक आउजाउ हुने सप्तरीको तिलाठी कोइलाडी स्थित कुनौली नाकामा अहिले पनि ठुलो ब्याग, बोरा, झोला लगायतका सामाग्री टाउकोमा बोकेर सर्वसाधारण पैदलै आउजाउ गरेको दृश्य विहानदेखी साँझ सम्म देखिने गरेको स्थानीयवासी देवनारायण यादवले सुनाए ।

सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले सरकारले डेढ वर्ष देखी बन्द रहेका सबै सिमानाका खुल्ला गर्ने निर्णय गरेको खबर आफुले पनि विभिन्न संचार माध्यमबाट सुनेको जानकारी दिँदै यसबारे सम्बन्धित निकायबाट कुनै आधिकारीक पत्र नआएकाले कार्यान्वयन गर्न नसकिएको उनको भनाई छ ।

# जिपको ठक्करबाट मृत्यु

उदयपुर, ७ असोज (रासस) ।
उदयपुरको बेलका नगरपालिका-९ खारखोलामा जिपको ठक्करबाट सख्त घाइते भएका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार ठक्करबाट गम्भीर घाइते भई उपचारका क्रममा मृत्यु हुने बेलका-२ का ४० वर्षीय रामचन्द्र राई रहेका छन् । बुधबार दिउँसो मदन भण्डारीमार्गअन्तर्गत पश्चिमबाट पूर्वतर्फ गइरहेको प्रदेश१-०२-००२च ४८७४ नंको बोलेरो जिपले बेलका-९ खारखोलाबाट पश्चिम जाँदै गरेको स४प ९१०५ नंको मोटरसाइकलमा सवार राईलाई ठक्कर दिएको थियो ।

बलेरोको ठक्करबाट घाइते राईलाई तत्कालै उपचारका लागि सुनसरीस्थित बिपी मेमोरियल अस्पताल धरानमा लगेर उपचार गर्ने क्रममा घाइते राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यलयका प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले बताउनुभयो । चालक र बोलेरोलाई इलाका प्रहरी कार्यलय बेलका रामपुरले नियन्त्रणमा लिएको छ ।

# षड्यन्त्र गरेर मलाई फसाइएको हो : उपसभापति गच्छदार

विराटनगर, ७ असोज (रासस) ।
नेपाली कांग्रेसका उपसभापति विजयकुमार गच्छदारले आफूले कहिले पनि अनियमितता र भ्रष्टाचार नगरेको बताउनुभएको छ । उहाँले आफूलाई षड्यन्त्र गरेर फसाइएको बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा बिहीबार सञ्चारकर्मीहरुसँगको भेटमा उपसभापति गच्छदारले आफू सधैं जनताको हक अधिकारका लागि लड्ने गरेको बताउँदै मन्त्रिपरिषद्को निर्णयमाथि अख्तियारले कारबाही गर्न नमिल्ने र यदी कारवाही नै गर्नुपर्ने भएमा मन्त्रिपरिषद्माथि गर्नुपर्ने तर्क गर्नुभयो । उहाँले ५० वर्षको राजनीतिक यात्रामा अख्तियारले आफूमाथि अन्याय गरेको धारणा राख्नुभयो । “म अझै ११ वर्ष

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश प्रहरीको ध्यानाकर्षण, एक महिला पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
प्रदेश २ प्रहरी कार्यालय जनकपुरले बिभिन्न संचारमाध्यममा प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता प्रहरी उपरिक्षक कृष्ण प्रसाईद्वारा बिहीबार जारि बिज्ञप्तिमा ‘घुमुवाले मात्र होईन, महिलाले पनि उठाउँछ्न डिआईजीको पैसा’ शिर्षकको समाचार भ्रामक र प्रहरी संगठनलाई बदनामी गराउने तरहले प्रकाशित भएको जनाइएको छ ।

जारि विज्ञप्तिमा एक जना महिलाले प्रहरी नायव महानिरीक्षक ज्युको नाम जोडेर निहित स्वार्थ राखि ब्यक्तिगत आर्थिक लाभ गर्ने उद्देश्यका लागि काम गर्न खोजेको उल्लेख छ ।

सोही विज्ञप्तिमा प्रहरी संगठनको बदनाम गर्ने सर्लाहीकी ३२ बर्षीया शुशिला थापा दाहाललाई पक्राउ गरेको जनाइएको छ । पक्राउ परेकी महिलालाई ईलाका प्रहरी कार्यालय गरुडा रौतहटमा राखी थप अनुसान्धन भई रहेको तथा महिला उपर कसुर अनुसारको कानुनी कारबाही हुने ब्यहोरा उल्लेख छ ।

# थपिए एक हजार २ सय ३९ संक्रमित

काठमाडौँ, ७ असोज (रासस) ।
नेपालमा पछिल्लो २४ घण्टामा एक हजार २३९ कोरोना भाइरस सङ्क्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १५ हजार २४३ नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

नेपालमा सङ्क्रमण दर १९.१ प्रतिशत छ । योसँगै हाल देशभर सक्रिय सङ्क्रमित २० हजार ७४३ जना छन् । त्यस्तै ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० छन् । अहिले ५०० भन्दा बढी सङ्क्रमित हुने

*बाँकी अन्तिम पृष्ठमा*

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।**




**अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।**

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तीस अर्बको रिपो जारी गर्दै राष्ट्र बैंक

काठमाडौं, ७ असोज (रासस) ।

नेपाल राष्ट्र बैंकले रु ३० अर्ब बराबरको रिपो जारी गर्ने भएको छ । बैंक तथा वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव देखिन थालेपछि बैंकले बिहीबार सात दिन अवधिको रिपो जारी गर्न लागेको हो ।

बैंकिङ प्रणालीमा तरलताका समस्या देखिएमा बैंकले अल्पकालीन अवधिको रिपो जारी गर्छ । वाणिज्य बैंक, विकास बैंक र वित्तीय संस्थाले यही असोज १४ गते परिपक्व हुने रिपो बोलकबोलमार्फत खरिद गर्न सक्नेछन् ।

यसअघि नेराबैंकले गत भदौ १७ गते सात दिन अवधिको रु २० अर्ब, २४ गते १४ दिनको रु ३० अर्ब र भदौ ३१ गते रु २० अर्ब रिपोमार्फत रकम उपलब्ध गराएको थियो । तरलता अभावमा बैंक तथा वित्तीय संस्थाले रिपो, अन्तरबैंक सापटी, स्थायी तरलता सुविधा (एसएलएफ) प्रयोग गर्छन् । तरलता अभावमा बैंक तथा वित्तीय संस्थाले अन्तरबैंक सापटी पाउन छाडेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाले नियमितरुपमा एसएलएफ सुविधा लिने गरेका छन् ।

राष्ट्र बैंकको तथ्याङ्कानुसार बैंक तथा वित्तीय संस्थाले चालु आवमा बुधबारसम्म रु चार खर्ब नौ अर्ब ५६ करोड एसएलएफमार्फत उठाएका छन् । बैंक वित्तीय संस्थाले बुधबार मात्र १२ पटकमा रु २७ अर्ब २४ करोड एसएलएफमार्फत उठाएको तथ्याङ्क राष्ट्र बैंकले सार्वजनिक गरेको छ ।

# प्रतिनिधिसभाबाट दुई विधेयक पारित

काठमाडौं, ७ असोज (रासस) ।

प्रतिनिधिसभाको बैठकले 'आर्थिक विधेयक, २०७८' र राष्ट्र ऋण उठाउने विधेयक, २०७८' लाई बहुमतले पारित गरेको छ ।

अर्थमन्त्री जनार्दन शर्माले बिहीबारको बैठकमा ती दुई पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । दुवै विधेयक बैठकले बहुमतले पारित गरेको हो । यसअघि बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभएको थियो । बैठकमा प्रतिनिधि सभाका सचिव गोपालनाथ योगीले 'विनियोजन विधेयक, २०७८' का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशको जानकारी गराउनुभएको थियो ।

प्रतिनिधिसभाको अर्को बैठक यही असोज ११ गते दिउँसो २ बजे बस्नेछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# सिरहाका स्थानीय तहमा एक अर्ब २० करोड बेरुजु

**राजु विश्वकर्मा**

लहान, ७ असोज (रासस) ।

सिरहाका १७ वटै स्थानीय तहमा बेरुजु रहेको छ । महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन अनुसार जिल्लाका स्थानीय तहमा रु एक अर्ब २० करोड ३७ लाख बेरुजु रहेको पाइएको छ ।

स्थानीय तहमा रु ३१ करोड १५ लाख पेश्की रहेको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहबाट विभिन्न शीर्षकमा निकासा गरिएकामध्ये रु ११ करोड ५४ लाख असुलउपर गर्नुपर्ने, रु ३० करोड ४२ लाख नियमित गरिनुपर्ने तथा कागज र प्रमाण नपुगी रु ४७ करोड २५ लाख भुक्तानी दिइएको पाइएको छ । सबैभन्दा बढी सिरहा नगरपालिकामा रु २२ करोड २७ लाख बेरुजु र रु १४ करोड २० लाख पेश्की रहेको प्रतिवेदनमा उल्लेख छ । सो नगरपालिकामा रु १७ लाख ८४ हजार असुल गर्नुपर्ने, रु तीन करोड १४ लाख ४२ हजार नियमित गर्नुपर्ने तथा रु चार करोड ७४ लाख ८५ हजारको प्रमाण कागजात पेश गर्नुपर्ने पाइएको छ । नगरप्रमुख अशेश्वरप्रसाद यादव, उपप्रमुख नमिता यादवलगायत जनप्रतिनिधि र कर्मचारीले आव २०७६/७७ मा बैठक भत्ताबापत रु ६६ लाख ४२ हजार खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै लहान नगरपालिकामा रु १९ करोड ३६ लाख १५ हजार बेरुजु र रु सात करोड पाँच लाख ५९ हजार पेश्की छ । नगरपालिकाले विभिन्न व्यक्ति तथा फर्मबाट रु चार करोड ४९ लाख ४४ हजार असुल गर्नुपर्नेछ । नगरपालिकाले भुक्तानी दिइएको रु छ करोड ७४ लाख ७६ हजारको कागजात र प्रमाण पुऱ्याउनुपर्ने तथा रु एक करोड ६ लाख ३६ हजार नियमित गर्नुपर्ने महालेखाको ठहर छ । धनगढीमाई नगरपालिकामा रु १३ करोड ६२ लाख ३८ हजार बेरुजु तथा रु चार करोड ४३ लाख ८० हजार पेश्की छ भने रु एक करोड २५ लाख ४० हजार असुल गर्नुपर्ने छ । नगरपालिकाले रु चार करोड ९७ लाख ९१ हजारको प्रमाण कागजात पेश गर्नुपर्ने तथा रु दुई करोड ९५ लाख २७ हजार नियमित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी विष्णुपुर गाउँपालिकामा रु १४ करोड ३४ लाख ५० हजार बेरुजु र रु एक करोड २८ लाख ६९ हजार पेश्की रहेको छ । गोलबजार नगरपालिकामा रु ६ करोड ३९ लाख ९९ हजार बेरुजु र रु एक करोड ७४ लाख ८२ हजार असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । रु चार करोड सात लाख ५२ हजारको कागजात पेश गर्नुपर्ने तथा रु ३० लाख ९१ हजार नियमित गर्नुपर्ने र रु २६ लाख ७४ हजार पेश्की देखिएको छ ।

मिर्चैया नगरपालिकामा रु दुई करोड १८ लाख ३७ हजार बेरुजु देखिएको छ । त्यसमध्ये रु ४५ लाख ४५ हजार असुल गर्नुपर्ने, रु एक करोड एक लाख २२ हजारको कागजात र प्रमाण पेश गर्नुपर्ने, रु २८ लाख ७९ हजार नियमित गर्नपर्ने र रु ४२ लाख ९१ हजार पेश्की देखिएको छ । कल्याणपुर नगरपालिकाले एक वर्षमा खाजा, खाना र विविध शीर्षकमा रु ५८ लाख ८८ हजार खर्च गरेको उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५ को दफा चारमा न्यायिक समितिको बैठकमा भत्ता लिन पाउने स्पष्ट व्यवस्था छैन । स्थानीय तहमा निर्वाचित भएदेखि जनप्रतिनिधिले कर्मचारीलाई दबाब दिएर मनपरि खर्च गर्ने गरेकाले बेथिति र बेरुजुको चाप बढेको लहानका नागरिक अगुवा राजेश गुप्ता बताउनुहुन्छ । एउटा शीर्षकमा रहेको रकम अर्कैमा खर्च गर्ने, जनप्रतिनिधि र कर्मचारीले अनावश्यक सुविधा लिने तथा पेश्की लिएर समयमा फछर्योट नगर्ने प्रवृत्तिका कारण स्थानीय तहमा बेरुजु बढेको उहाँको भनाइ छ ।

यसरी मनपरि खर्च गर्ने, जथाभावी निर्णय गरी कार्यान्वयन गर्ने र जनताको सेवाभन्दा पनि कमाउने धन्दामा जनप्रतिनिधि बढी केन्द्रित हुँदा जनतामा नैराश्यता उत्पन्न भएको लहान नगरपालिका-४ का सत्यनारायण चौधरी बताउनुहुन्छ ।

## विश्व समाचार

# कोभिड खोपको विश्वव्यापी उपलब्धताबारे राष्ट्रसङ्घीय महासभामा बैठक हुने

सयुक्त राष्ट्रसङ्घ, ७ असोज (रासस/सिन्ह्वा) ।

सयुक्त राष्ट्रसङ्घले कोभिड-१९ का विरुद्धको खोपका विषयमा एक अलग्गै बैठक गर्ने भएको छ । सो बैठकमा विश्वमा आगामी वर्ष सन् २०२२ मा विश्वमा कोभिड खोपको उपलब्धताका विषयमा छलफल हुने भएको छ ।

हाल सयुक्त राष्ट्रसङ्घीय मुख्यालयमा जारी रहेको ७६औं महासभाका अध्यक्ष अब्दुल्लाह साहिदले सो कुरा बताउनुभएको हो ।

उहाँले भन्नुभएको छ सयुक्त राष्ट्रसङ्घको जारी महासभामा एक बैठक कोभिडका विरुद्धका खोपका विषयमा नै बस्नेछ र यसले आगामी वर्ष सन् २०२२ मा विश्वका नागरिकलाई कोभिड विरुद्धको खोपको सर्वसुलभ उपलब्धताको विषयमा कुरा उठाउने छ ।

उहाँले भन्नुभयो, मैले यो एक बैठकको आह्वान गर्नेछु र यस मञ्चमा विश्वका नेताले नै आगामी वर्ष विश्वका सबै देशमा कोभिडको खोपको सर्वसुलभ उपलब्धताको विषयमा छलफल हुने र सो खोपको सुनिश्चितताको पनि कुरा हुनेछ ।

यस बैठकमा आगामी दिनमा यस खोपको सर्वसुलभताका लागि विश्वका नेताको राजनीतिक प्रतिबद्धताका बारेमा खोजी हुनेछ उहाँले भन्नुभएको छ ।

# हैजाबाट नाइजेरियामा ३२९ को मृत्यु

लागोस, ७ असोज (रासस/सिन्ह्वा) ।

नाइजेरियाको एक उत्तरी प्रान्तमा गएको मार्च महिनादेखि सुरु भएको हैजाको प्रकोपका कारण कम्तीमा पनि ३२९ जनाको ज्यान गएको नाइजेरियाका एकजना स्वास्थ्य अधिकारीले आज जानकारी दिएका छन् । ती अधिकारीले नाइजेरियाको उत्तरी कानो राज्यमा हैजाबाट ती व्यक्तिको ज्यान गएको बताएका हुन् ।

सो राज्यका स्वास्थ्य अधिकारी सुलेइमान इस्लियाका अनुसार उक्त राज्यका कम्तीमा पनि ४४ स्थानीय तहमा हैजाको प्रकोप फैलिएको थियो । त्यसमा परेर ती व्यक्तिको ज्यान गएको र अरु कैयौं बिरामी परेका उनले जानकारी दिएका छन् ।

ती स्थानीय निकायमा ११ हजार ११५ जनामा हैजा फैलिएको आशङ्का गरेर परीक्षण गरिएको थियो । तीमध्ये स्वास्थ्य परीक्षणमा धेरै निको भएका थिए ।

अहिले पनि ३१ जना हैजा लागेको पुष्टि भएका व्यक्ति अस्पतालमा उपचार गराइरहेका बताइएको छ । हाल हैजाको प्रकोप देखिएका स्थानमा स्वास्थ्य निगरानी राखिएको बताइएको छ ।

# भारतमा थप ३१ हजार ९२३ जना कोरोना सङ्क्रमित

नयाँदिल्ली, ७ असोज (रासस/एएनआई) ।

पछिल्लो २४ घण्टामा भारतमा ३१ हजार ९२३ जना कोरोनाका नयाँ सङ्क्रमित थपिएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । यसैसँगै भारतमा कूल सङ्क्रमितको संख्या तीन करोड ३५ लाख ६३ हजार ४२१ जना पुगेका छन् ।

सरकारी अधिकारीले बिहीबार बिहान दिएको जानकारीअनुसार अहिले भारतमा सक्रिय सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख एक हजार ६०४ रहेका छन् । यो सङ्ख्या १८७ दिनपछि कै सबैभन्दा कम हो । भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या छ महिना पछिकै सबैभन्दा कम भएको बताइएको छ ।

भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या पछिल्लो समयलगातार घट्दै गएको छ । दैनिक नयाँ सङ्क्रमितभन्दा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी हुँदै गएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो ।

सक्रिय सङ्क्रमितको यो सङ्ख्या कूल सङ्क्रमितको ०.९० प्रतिशत भएको जनाइएको छ । सन् २०२०को मार्च महिनापछि अहिले सक्रिय सङ्क्रमितको यो सङ्ख्या सबभन्दा कम हो ।

पछिल्लो २४ घण्टामा ३१ हजार ९९० जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको देखिएको अधिकारीले जनाएका छन् । योसँगै भारतमा अहिलेसम्म तीन करोड २८ लाख १५ हजार ७३१ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् ।

यहाँ कोरोनाका कारण अहिलेसम्म चार लाख ४६ हजार ५० जनाको मृत्यु भएको छ । तीमध्ये २८२ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको जनाइएको छ ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ५५ करोड ८३ लाख ६७ हजार १३ व्यक्तिको कोरोना भाइरस परिक्षण भएको बताइएको छ ।

यहाँ गत जनवरी १६बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो सयमदेखि हालसम्म ८३ करोड ३९ लाख ९० हजार ४९ डोज खोप लगाइएको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

# २० अर्ब ७६ करोडको निर्यात हुँदा एक खर्ब ३० अर्बको व्यापार घाटा

काठमाडौं, ७ असोज (रासस)।

चालू आर्थिक वर्षको पहिलो महिनामा कूल वस्तु व्यापार घाटामा ७०.६ प्रतिशतले वृद्धि भई रु एक खर्ब २९ अर्ब ९७ करोड पुगेको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार कूल वस्तु व्यापार घाटामा आव २०७७/७८ को तुलनामा उल्लेख्य वृद्धि भएको हो।

सो आवमा त्यस्तो घाटा २२.२ प्रतिशतले घटेको थियो। चालू आवको पहिलो महिनामा कूल वस्तु निर्यात ११६ प्रतिशतले वृद्धि भई रु २० अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८.९ प्रतिशतले वृद्धि भएको थियो।

केन्द्रीय बैंकका अनुसार गन्तव्यका आधारमा भारत, चीन तथा अन्य मुलुकतर्फ क्रमशः १६७.० प्रतिशत, ४७.८ प्रतिशत र १७.५ प्रतिशतले निर्यात वृद्धि भएको छ। वस्तुगत आधारमा सोयाविन तेल, पाम तेल, धागो (पोलिष्टर तथा अन्य), जुस, पिना लगायतका वस्तुको निर्यात बढेको छ। यस्तै अलैंची, आयुर्वेदिक औषधि, जडीबुटी, तार, तयारी छालाका समानलगायत वस्तुको निर्यात घटेको छ।

चालू आवको पहिलो महिनामा कूल वस्तु आयात ७५.७ प्रतिशतले वृद्धि भई रु एक खर्ब ५० अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १९.६ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ५८.७ प्रतिशत, ८७.६ प्रतिशत र १२०.८ प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, एमएस बिलेट, सुनलगायत

***बाँकी अन्तिम पृष्ठमा***



## चन्द्रनहर सिंचाइ प्रणाली पुनर्स्थापना आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

(प्रकाशित मिति: २०७८/०६/०८)

वातावरण संरक्षण नियमावली २०७७ परिच्छेद-२ (६)
सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप यो सूचना प्रेषित गरिएको छ।

चन्द्रनहर सिंचाइ प्रणाली सप्तकोशी नदीको पश्चिमतर्फ प्रदेश नं. २ को सप्तरी जिल्लामा पर्दछ। यो आयोजनामा ३ वटा नगरपालिका र ३ वटा गाउँपालिका पर्दछन्। वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २, च (४) अनुसार सिंचाइको पुनरुत्थान प्रणाली अन्तर्गत विद्यमान प्रणाली भित्रका सिंचाइ आयोजनामा नयाँ हेडवर्क निर्माण वा मूलनहरमा परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्दछ।

उक्त आयोजनाको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी हुने क्रममा छ। वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार उक्त प्रतिवेदन स्वीकृत क्रममा सरोकारवालाहरुको राय-सुझाव संङ्कलन गर्नुपर्ने भएकाले स्थानीय जनता, संघ-संस्थाको प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक संस्थाको प्रतिनिधिबीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै महानुभावहरुको सकृय सहभागिताको लागि अनुरोध गरिन्छ।

**प्रभाव पर्न सक्ने गाउँपालिका/नगरपालिका:**
सप्तकोशी न.पा., कञ्चनरुप न.पा., तिरहुत गा.पा., अग्निसार कृष्णासवरण गा.पा., राजविराज न.पा. र महादेवा गा.पा.

**सार्वजनिक सुनुवाई हुने स्थान र समय निम्नानुसार छन्:**

| मिति | समय | स्थान |
|---|---|---|
| २०७८/०६/१२ (मंगलबार) | बिहान १०:३० बजे | सप्तकोशी न.पा. वडा नं. ४ को बलारदह चोकमा रहेको विश्वेश्वर बैरागी आधारभूत विद्यालयको अगाडिको चौतारामा |
| | बिहान १०:३० बजे | तिरहुतगा. पा. को पिपराही गाँउको बुकनी पोखरीको डिलमा रहेको प्राथमिक विद्यालयको अगाडि |
| २०७८/०६/१२ (मंगलबार) | दिउँसो २:३० बजे | कञ्चनरुप न.पा.को कार्यालय भवन अगाडि |
| | दिउँसो २:३० बजे | अग्निसार कृष्णसवरण गा.पा. वडा नं ४ को वनौली हेल्थ पोष्टको अगाडि |
| २०७८/०६/१३ (बुधबार) | बिहान ११:३० बजे | राजविराज न.पा. वडा नं. १० को कदमाहा गाउँ तथा महादेवा गा.पा. वडा नं. १ को संयुक्त एकै स्थानमा महादेवा गा.पा. वडा नं.१ को वडा कार्यालयको प्रांगणमा |

| आयोजक | परामर्श दाता |
|---|---|
| **कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय, सप्तरी**<br>**जलस्रोत तथा सिंचाइ विभाग**<br>जावलाखेल, ललितपुर<br>नेपाल सरकार<br>**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**<br>सिंहदरबार, काठमाण्डौ | **नेपाल इन्भाईरोन्मेन्टल एण्ड साईन्टिफिक सर्भिसेस प्रा.लि.**<br>जितजंगमार्ग- ११, थापाथली, काठमाण्डौ, नेपाल<br>पोष्ट वक्स नं. : ७३०१<br>फोन नं. : ०१-५३४४९८९<br>इमेल : ness@mos.com.np<br>वेब : www.ness.com.np |

# तीन महिना पुग्ने चिनी मौज्दात

काठमाडौं, ७ असोज (रासस)। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चाडपर्वका लागि आवश्यक चिनी मौज्दात रहेको जनाएको छ। पछिल्लो समय बजारमा चिनी नभएको गुनासो आएको भन्दै विभागले तीन महिना पुग्ने चिनी मौज्दात रहेको जनाएको हो।

विभागले एक सूचना जारी गरी बजारमा पर्याप्त मात्रामा चिनीको मौज्दात रहेकाले उपभोक्तालाई हतास नहुन आग्रह गरेको हो। "आयात अनुपात र खपत भएको मात्राका आधारमा बजारमा अझै तीन महिनालाई पुग्ने चिनी उपलब्ध छ।

चिनी आयात प्रक्रिया नियमित रहेको र खुला बजारमा पनि पर्याप्त मात्रामा चिनी रहेकाले उपभोक्ता हतास हुनुपर्ने कुनै कारण छैन। तत्काल आवश्यक मात्राभन्दा बढी सञ्चित गरेर राख्नुपर्ने अवस्था नभएको हुनाले नियमित र सामान्य आपूर्ति प्रणालीमा असर पर्ने गरी अधिक मात्रामा खरिद गरी भण्डारण नगर्नुहुन अनुरोध छ", विभागलेजारी गरेको सूचनामा भनिएको छ।

विभागले व्यवसायीलाई समेत गोदाममा वस्तुको मौज्दात हुँदाहुँदै बजारमा नपठाई उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६ प्रतिकूल कृत्रिम अभाव सिर्जना नगर्न आग्रह गरेको छ।

# तोकियो धानको समर्थन मूल्य

काठमाडौं, ७ असोज (रासस)। सरकारले धानको समर्थन मूल्य तोकेको छ। गत भदौ २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले समर्थन मूल्य तोकेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार चालु आर्थिक वर्षका लागि मोटा धानको प्रतिक्विन्टल मूल्य रु दुई हजार ७५२ र मध्यम किसिमको धानको मूल्य रु दुई हजार ९०२ तोकिएको हो।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाश सञ्जेलका अनुसार गत वर्षको तुलनामा यस वर्ष प्रतिक्विन्टल रु १७ ले बढी हो।

गत वर्ष असारे धान लगाउनुपूर्व नै सरकारले धानको समर्थन मूल्य तोकेको थियो। गत वर्ष मोटा धान प्रतिक्विन्टल रु दुई हजार ७३५ र मध्यम धानको मूल्य रु दुई हजार ८८५ तोकिएको थियो।

समयमा नै मूल्य नतोक्दा व्यवसायीले मनोमानी मूल्यमा धान खरिद गर्ने भन्दै सरकारले प्रत्येक वर्ष मोटा र मध्यम किसिमका धानको न्यूनतम समर्थन मूल्य तोक्दै आएको छ।

# हतियारसहित चार पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, ७ असोज।**

रौतहट प्रहरीले चार जनालाई हतियारसहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा दुर्गाभगवती गाउँपालिका-२ भलुहीया बस्नेत २४ वर्षीय सञ्ज साह सोनार, २८ वर्षीय संजिवकुमार महतो, १९ वर्षीय राजेशकुमार चौधरी र गढीमाई नगरपालिका-६ धरमपुर बस्ने २४ वर्षीय दिनेश महरा छन्।

विशेष सूचनाको आधारमा सञ्जयले घरमा हातहतियार लुकाई छिपाई राखेको भन्दै प्रहरीले उनको घर खानतलासी गरेको थियो। सञ्जयले घरको दोस्रो तलामा बालुवाभित्र बोरामा १२ बोरको कट्टा पेस्तोल १ थान र सो पेस्तोलमा प्रयोग हुने गोली २ थान लुकाएर राखेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

कट्टा पेस्तोल र त्यसमा लाग्ने गोली लुकाउने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले सञ्जयसहित उनीहरुलाई नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ। पक्राउ परेका चारैजना माथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




## थपिए एक हजार ...

जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, कास्की र रुपन्देही छन्।

पछिल्लो २४ घण्टामा एक हजार ३२४ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने कूल सङ्ख्या सात लाख ५६ हजार ९५४ पुगेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६ प्रतिशत छ।

सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १३ जनाको ज्यान गएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ७२ जनाको निधन भइसकेको छ। हाल देशभर ३४० सघन उपचार कक्ष, १११ भेन्टिलेटर, १९ हजार ४३७ होमआइशोलेसन, एक हजार ३३४ संस्थागत आइशोलेसन र २४६ जना क्वारेन्टिनमा छन्।

बिहीबार एक लाख ३८ हजार ३८५ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा ६२ लाख ९३ हजार ८९ र पूर्ण मात्रा ५८ लाख ६० हजार ९२९ जनाले लगाइसकेका छन्।

## षड्यन्त्र गरेर ...

सक्रिय राजनीति गरिरहने छु", उहाँले भन्नुभयो।

उपसभापति गच्छदारले न्यायलयले न्याय दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले आफूलाई षड्यन्त्र गरेर फसाउनेका विरुद्ध जनता र स्वयं पार्टी नै उभिएको छ भन्नुभयो। जनताका अधिकार र संसदीय प्रजातन्त्रका लागि लडिरहने बताउँदै उहाँले आफूले भ्रष्टाचार गरेको वा अनियमितता गरेको दोषी ठहर भएमा जनताको अदालतमा उभिन तयार छु भन्नुभयो।

## २० अर्ब ७६ ...

वस्तुको आयात बढेको छ भने रासायनिक मल, सिमेन्ट, सुर्ती, हवाइजहाजका पार्टपुर्जा, तयारी पोशाकलगायत वस्तुको आयात घटेको छ।

सो अवधिमा कञ्चनपुर, मेची र नेपालगञ्ज भन्सार कार्यालयबाहेक नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ। कैलाली भन्सार कार्यालयबाहेक नाकाबाट भएको आयात वृद्धि भएको छ। गत साउनमा निर्यात-आयात अनुपात १३.८ प्रतिशत पुगेको छ।


अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.२ प्रतिशत थियो। समीक्षा अवधिमा भारतबाट अमेरिकी डलर भुक्तानी गरी रु १८ अर्ब ८६ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रु नौ अर्ब २६ करोड बराबरको यस्तो आयात भएको थियो।


## सूचना ! ॐ सूचना !!!

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक, प्राचिन तथा धार्मिक महत्वको रूपमा रहेको हरिनन्देश्वर महादेव मन्दिरको सनातन धार्मिक सदावर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्बर्द्धन तथा मन्दिरको ब्यवस्थापन लगायतको कार्यवारे पुनः वृहत छलफलको लागि सम्पूर्ण हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिका लागि विनम्र सादर अनुरोध गर्दछु ।

स्थान : राजविराज न.पा. वडा नं. ७ को कार्यालय
समय : बिहान ८:३० बजे
मिति : २०७८/०६/०९ गते शनिबार









देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit, CITY EXPRESS, Best Remit, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np